## बैठक नं. १

(बैठक संख्या ९७)

आज मिति २०८३/०४/०४ गते बिहान ११:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | कार्यपालिका सदस्य | श्री ईश्वरी काफ्ले | |
| ४ | कार्यपालिका सदस्य | श्री चेत बहादुर सुनारी | |
| ५ | कार्यपालिका सदस्य | श्री थमन बहादुर गाहा | |
| ६ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | कार्यपालिका सदस्य | श्री खुमकान्त बस्याल | |
| ८ | कार्यपालिका सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | कार्यपालिका सदस्य | श्री सरस्वती वि. क. | |
| १० | कार्यपालिका सदस्य | श्री विमला जि.आर | |
| ११ | कार्यपालिका सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | कार्यपालिका सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | निमित्त प्रमुख प्रशासकीय अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैह्रे | |
| | | | |
| | | | |

CamScanner

**बैठक नं. १** मिति: २०८३/०४/०४

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं २**

**आ.व. २०८३/०८४ को वार्षिक कार्ययोजना सम्बन्धमा:** रम्भा गाउँपालिका गाउँसभाबाट स्वीकृत विनियोजन ऐन बमोजिमका योजनाहरु कार्यान्वयन सम्बन्धमा वार्षिक कार्ययोजना तयार गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्पूर्ण विषयगत शाखाबाट तयार गरि आगामि गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**धन्यवाद ज्ञापन सम्बन्धमा:** रम्भा गाउँपालिका गाउँसभाको १९ औ अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु,राजनितिक दलका प्रतिनिधि ज्यूहरु,कर्मचारीहरु,पत्रकारहरु,तथा सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

**वार्षिक समिक्षा बैठक सम्बन्धमा:** रम्भा गाउँपालिका गाउँसभाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालित कार्यक्रम तथा आयोजनाहरुको समग्र विषयका सम्बन्धमा समिक्षा गर्न मिति २०८३/०४/२० गते बिहान ११ बजे गाउँपालिकाको सभाहलमा बार्षिक समिक्षा बैठक आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

**कार्यविधि स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिकाको "करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner